# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ | मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:

मितिः २०७५।१२।२०

श्री प्रमुखज्यू,
सिलिचोङ, गाउपालिका,
संखुवासभा ।

विषय:**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट सिलिचोङ गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कायका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.६५ लाख ८९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२८ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु.२७ लाख ५२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९ लाख ४८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट भएका दफाहरु हटाई कायम भएको व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १४ (चौध) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदनस्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# सिलीचोङगाउपालिका
# लेखापरीक्षण प्रतिवेदन

## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश नं.१अवस्थित यो गाउँपालिका अन्तर्गत ५ वडा, २९गाउँसभा सदस्य, २९३.२६ वर्ग कि.मी.क्षेत्रफल र १२,१७४ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | सि.नं. | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **५१३९९४८.५३** | १ | **राजस्व (आन्तरिक व्यय)** | | **१८२५००.००** |
| | क) बैंक | ५१३९९४८.५३ | | | क) आन्तरिक राजस्व | १८२५००.०० | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **१४६७२३०.००** | २ | **वित्तीय हस्तान्तरण** | | **१९७६८७२६०.०५** |
| | क) आन्तरिक राजस्व | १४६७२३०.०० | | | क)वित्तीय समानीकरण अनुदान | १२६६९१८२३.७२ | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **२०५२०४४३६.३३** | | ख) सशर्त अनुदान | ७०९९५४३६.३३ | |
| | क)वित्तीय समानीकरण अनुदान | १३४२५९०००.०० | | ३ | **सामाजिक सुरक्षा** | १८३५८४००.०० | **१८३५८४००.००** |
| | ख) सशर्त अनुदान | ७०९४५४३६.३३ | | ४ | **एल.जि.सि.डि.पि.** | | **८८४७८६.००** |
| ४ | **सामाजिक सुरक्षा** | १८४१६०००.०० | **१८४१६०००.००** | | चालु | ४०९६२१.०० | |
| ५ | **एल.जि.सि.डि.पि.** | ०.०० | **१०६००००.००** | | पुजिगत | ४७५१६५.०० | |
| | **चालु** | ४६००००.०० | | ५ | **गरिवसंग विश्वेश्वर कार्यक्रमचालु** | १४४०००.०० | **१४४०००.००** |
| | **पुजिगत** | ६०००००.०० | | ६ | **गरिवसंग विश्वेश्वर कार्यक्रमपुँजि** | २६००००.०० | **२६००००.००** |
| ६ | **गरिवसंग विश्वेश्वर कार्यक्रमचालु** | १६९०००.०० | **१६९०००.००** | ७ | **प्रदेश सरकार** | ९०००००.०० | **९०००००.००** |
| ७ | **गरिवसंग विश्वेश्वर कार्यक्रमपुँजि** | २६००००.०० | **२६००००.००** | ८ | **जि.स.स.बाट प्राप्त ( पुल हेरालु)** | १०२०००.०० | **१०२०००.००** |
| ८ | **प्रदेश सरकार** | ९०००००.०० | **९०००००.००** | ९ | **जिल्ला शिक्षाबाट प्राप्त** | १७८५५०.०० | **१७८५५०.००** |
| ९ | **जिल्ला शिक्षाबाट प्राप्त** | १७८५५०.०० | **१७८५५०.००** | १० | **धरौटी फिर्ता** | | **०.००** |
| १० | **जि.स.स.बाट प्राप्त (पुल हेरालु)** | १०२०००.०० | **१०२०००.००** | ११ | **मौज्दात** | | **१४६९२२३५.८१** |
| ११ | **जि.स.स.बाट** | १०००००.०० | **१०००००.००** | | क) बैंक मौज्दात | १४६९२२३५.८१ | |
| १२ | **पेश्की आय** | ३९२५६७.०० | **३९२५६७.००** | | | | |
| १३ | **धरौटी आय** | | **०.००** | | | | |
| | **जम्मा** | **२३३३८९७३१.८६** | **२३३३८९७३१.८६** | | **जम्मा** | **२३३३८९७३१.८६** | **२३३३८९७३१.८६** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **स्थानीय संचित कोषतर्फ:**स्थानिय सरकार सञ्चालन ऐन ०७४ को दफा ७६ मा आय व्ययको लेखाप्रणाली, राजश्व र खर्च शीर्षकको वर्गिकरण सहितको स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति, अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने, आयव्ययको विवरण प्रत्येक महिनाको ७ गतेभित्र सार्वजनिक गर्नुपर्ने र सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी, संघीय, प्रदेश अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ ।<br>पालिकाले सञ्चित कोषको आयव्ययको चौमासिक शीर्षकगत विवरण लगायत चौमासिक प्रतिवेदन बैंक हिसाव भिडान गरी आयव्यय दुरुस्त गरेको पाइएन । लेखा अध्यावधिक नहुँदा खर्च र आय एकिन हुन सकिदैन । जनशक्तिको न्यूनतम दक्षताको कमी, पूर्वाधारमा कमी र प्रविधिकको न्यून ज्ञानले यी काम हुन नसकेको कार्यालयको भनाई छ । लेखा र वित्तीय प्रणालीलाई पारदर्शि, उत्तरदायी जिम्मेवार बनाई आर्थिक अनुशासन कायम गराउन पूर्वाधार लगायत दक्षता सुधार गर्दै प्रविधिमा आधारित प्रतिवेदन प्रणाली अपनाउनु पर्दछ । साविक गाउ विकास समितिको कर्मचारी कल्याण कोष, खुल्ला दिशामुक्त कार्यक्रम (ग्रामिण सरसफाई कार्यक्रम ODF) कोष सञ्चालन र साविकको जिल्ला विकास समिति अन्तर्गत स्थानीय विकास कोष अन्तर्गत साविक गाउ विकास समितिमा हस्तान्तरण भएको विउ पुँजीकोषको हिसाव सञ्चित कोषमा नदेखिदा उक्त कोषलाई सञ्चित कोषको दायराभित्र ल्याई परिचालन गर्नुपर्ने देखिएको पाइयो । | |
| २. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समितिको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरि कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो गरेको पाइएन। | |
| ३. | **तथ्यांक र अभिलेख:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहकोप्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा पालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ४. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियम संगत, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-<br>● पालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन ।<br>● पालिकाले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख अद्यावधिक र विश्वसनीय रुपमा राखेको छैन ।<br>● स्रेस्ताहरु अद्यावधिक तथा विश्वसनीय रुपमा राखेको छैन ।<br>● समायोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>● मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता | |

तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।

- आर्थिक कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको स्थिती देखियो ।
- पालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको पाइयो ।
- स्थानीय तहका पदाधिकारीका लागि पारिश्रमिकको व्यवस्था भई सकेको अवस्थामा गाउँसभा, गाउँपालिका, वडा समिति लगायतका बैठकका लागि सुविधा खर्च लेख्ने गरेको पाइएको छ ।
- साना योजनाको छनौट र संचालनबाट योजनाको प्रशासनिक खर्चमा वृद्धि भई मितव्ययीता कायम हुन सक्ने देखिएको ।
- अधिकतम् लाभ र प्रतिफल प्राप्त हुने गरी योजनाको प्राथमिकीकरण र संचालनमा पर्याप्त ध्यान दिएको पाइएन ।
- दरबन्दी अनुसार पदपूर्ती नहुँदा सेवा प्रवाहमा नकारात्मक असर पाइयो ।
- खरिद इकाई गठन नगरेको, वार्षिक खरिद योजना तथा खरिद गुरु योजना तयार गरेको देखिएन ।
- सवारी साधन मर्मत अभिलेख म.ले.प. फाराम नं .२ र सवारी लगबुक राखेको देखिएन ।
- आलेप प्रतिवेदन कार्यान्वयन एवं वेरुजु फछ्र्यौट भएको पाइएन ।
- अनुगमन प्रतिवेदन पेश गरेको देखिएन ।
- भौतिक र वित्तिय प्रगति देखिने प्रगति प्रतिवेदन तयार गरेको पाइएन ।
- कन्टिनजेन्सी अभिलेख राखेको पाइएन ।
- पालिकाले आयोजनाले उद्देश्य प्राप्तिमा आइपनें सम्भावित जोखिमहरु पहिचान नगरेको त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ ।

**माग गरिएका फारमहरुको विश्लेषण**

५. **सिफारिस तथा घटना दर्ता :** यस वर्ष गाउँपालिका र अन्तर्गतका वडा कार्यालयबाट सम्पादन भएका सिफारिस तथा घटना दर्ताको स्थिति देहाय बमोजिम छ । गाउँपालिकाले ऐन अनुसार उक्त कार्य मात्र गरेको देखिएकोले  ऐन बमोजिम तोकिएकोअन्य कार्य समेत गरी सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

| क्र.स. | विवरण | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|
| १. | जन्म दर्ता , | ४८३ | |
| २. | मृत्यु दर्ता | ८२ | |
| ३. | विवाह दर्ता | १३० | |
| ४. | बसाइसराई गएका | ९८ | |
| ५. | संघ संस्था दर्ता | १८१ | |
| **जम्मा** | | **९७४** | |

६. **दरबन्दी पदपूर्तिस्थिति** : स्थानीय सरकार सञ्चालन ऐन तथा सेवा प्रवाहको लागि कर्मचारी समायोजन ऐन २०७४ बमोजिम कर्मचारी समयोजन नभएसम्म , कर्मचारकिो व्यवस्था गर्न र सेवा प्रवाहको लागि सरकारी सेवाका कर्मचारीलाई कामकाजमा खटाउनको लागि तथा पालिकको कार्य जिम्मेवारीमा परेका विषयमा नेपाल सरकारका निकायमा सम्पत्ति, दायित्व समेत गाउँपालिकामा हस्तान्तरण गर्न नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४।१२।१८ को निर्णयबाट स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था २०७४ स्वीकृत भएको छ । गाउँपालिकामा२७ जनाको दरवन्दी स्वीकृत भएकोमा १६ मात्र पदपूर्ति भएको छ । पालिकाको अर्न्तगत ६ वडा रहेको वडा सचिव समेत कृषि, भेटनरी जस्ता प्राविधिकबाट सञ्चालन भएको देखियो । गाउँपालिका स्थापना भएको दुई आर्थिक वर्ष वितिसकेको भएता पनि  कर्मचारीको व्यवस्था गर्न नसक्नु, कर्मचारी समायोजनमा सरकार अल्मलिदाँ तथा पालिकाको कार्य

| | | |
|---|---|---|
| | जिम्मेवारीमा परेका विषयमा स्थानीय तहले प्रभावकारी रुपमा आफुलाई तोकिएको जिम्मेवारी पुरा गर्न सक्ने अवस्था देखिदैन । अतः सम्बन्धित निकायले पालिकाको कार्य क्षेत्रभित्र जिम्मेवारितामा परेका विषय र तोकिएको दरबन्दी अनुसारको पदपूर्ति गरी स्थानीय सेवा प्रवाह तथा विकासका कार्यलाई प्रभावकारी बनाउन समयमै ध्यान दिनु पर्ने देखियो । | |

| क.सं. | स्वीकृत पद | दरवन्दी | पदपूर्ति | रिक्त | |
|---|---|---|---|---|---|
| १. | शाखा अधिकृत ( कार्यकारी अधिकृत ) | १ | १ | ० | |
| २. | ईन्जिनियर सिभिल | १ | १ | ० | करार |
| ३. | प्रशासन सहायक- ना.सु | ६ | १ | ५ | |
| ४. | लेखापाल | १ | ० | १ | |
| ५. | सह लेखापाल | १ | १ | | |
| ६. | सव-ईन्जिनियर | ३ | ३ | ० | करार |
| ७. | अ.स.ई | १ | १ | ० | करार |
| ८. | सहायक कम्प्युटर अपरेटर | १ | १ | ० | करार |
| ९. | कार्यालय सहयोगी | ७ | ७ | ० | करार |
| १०. | वडा सचिव/खरिदार | ५ | ० | ५ | |
| | **जम्मा** | **२७** | **१६** | **११** | |

| | | |
|---|---|---|
| ७. | **कानुन निर्माण र कार्यान्वयन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्ममा नगरपालिकाले निम्न कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा पाइयो । | |

| क.स | ऐन तथा कार्यविधिहरुको नाम | जारी मिति |
|---|---|---|
| १ | उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०१/२४ |
| २ | गाँउ कार्यपालिकाको बैठक सञ्चालन कार्य विधि, २०७४ | २०७५/०२/२६ |
| ३ | गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ | २०७४/०५/०७ |
| ४ | गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली- २०७४ | २०७५/०५/०७ |
| ५ | गाउँ कार्यपालिका (कार्य विभाजन नियमावली), २०७४ | २०७५/०५/०७ |
| ६ | सिलिचोङ गाउँपालिकाको विपद व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि,२०७५ | २०७५/०१/२४ |
| ७ | सिलिचोङ गाउँपालिकाको पुर्वाधार व्यवस्थापन ऐन-२०७५ | २०७५/०९/२५ |
| ८ | कर्मचारी व्यवस्थापन तथा सेवा सर्त सम्वन्धी कार्यविधि, २०७५ | २०७५/०१/२४ |
| ९ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ | २०७५/०१/२४ |
| १० | विकास योजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०१/२४ |

| | | |
|---|---|---|
| ८. | **धेरै योजना**:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र छरिएका देखिएको छ । योजना धेरै हुँदा पालिकाले जनशक्ति योजना व्यवस्थापनमा लाग्नु पर्ने तथा प्रविधिक कर्मचारीलाई कार्य कठिनाई भई गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । यो विषयको बारेमा ध्यान जानुपर्ने देखिएको छ । पालिकाबाट प्राप्त विवरण अनुसार देहाय वमोजिमको योजनाहरु सम्झौता भई सम्पन्न भएका छन । | |

| सि.नं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | ५० हजार सम्मको | ६० |
| २ | ५० हजार देखि १ लाख सम्मका | ६१ |
| ३ | १ देखि २ लाख सम्मका | ४० |

| | | |
|---|---|---|
| ४ | २ देखि ३ लाख सम्मका | ३० |
| ५ | ३ देखि ४ लाख सम्मका | २० |
| ६ | ४ देखि ५ लाख सम्मका | २० |
| ७ | ५ देखि १० लाख सम्मका | २५ |
| ८ | १० लाख भन्दा बढिका | ७ |
| | **कुल जम्मा** | **२६३** |

**गा.पा. चालुतर्फ :**

९. **राजस्वको स्रेस्ता–** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ मा राजस्व संकलन, दाखिला र राजस्व स्रेस्ता सम्बन्धमा उल्लेख छ । जस अनुसार राजस्व स्रेस्ता खडा गर्ने सम्बन्धमा नेपाल सरकारको सिफारिशमा महालेखापरीक्षबाट विभिन्न फाराम तथा खाताहरुको व्यवस्था भएका छन् । राजस्व आर्जन गर्ने हरेक निकायले उल्लेखित लेखा ढाँचाको प्रयोग गरी राजस्व स्रेस्ता अद्यावधिक गर्नुपर्दछ । पालिकाले यस वर्ष मालपोत दस्तुर, पञ्जीकरण शुल्क, विभिन्न किसिमका सिफारिश समेतबाट रु. १४६७२३०.०० राजस्व आर्जन गरेकोमा आम्दानी रसिद नियन्त्रण खाता, आम्दानी रसिदको अभिलेख गर्नका लागि प्रयोग गरिने दैनिक आम्दानी खाता (म.ले.प.फा.न.१०८), संकलित राजस्व बैंक दाखिला विवरण (म.ले.प.फा.न.१०८) लगायतका खाता तथा विवरण राखेको पाइएन । अतः उल्लेखित खाता तथा विवरण राखी राजस्व स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

**गा.पा. चालुतर्फ :**

१०. **सुविधाः-**गाउँ तथा नगरसभाको सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ को अनुसूची १क बमोजिम गाउँपालिकाको देहायको पदाधिकारीले देहायको सुविधा पाउने व्यवस्था छ । प्रदेशले २०७५।२ मा बनेको कानूनले कानून बन्न पूर्वको सुविधा २०७४।४।१ देखि खर्च लेखेको उपयुक्त देखिएन ।

| सि.नं. | सुविधाको प्रकार | इकाई | अध्यक्ष १ | उपाध्यक्ष १ | वडा अध्यक्ष ५ | का.पा.का सदस्य ६ | वडा सदस्य १६ |
|---|---|---|---|---|---|---|---|
| १ | मोवाइल टेलिफोन मासिक | रु. | २५०० | २५०० | २००० | १००० | १००० |
| २ | खाना मासिक | रु. | ४००० | ३००० | १००० | ० | ० |
| ३ | पत्रपत्रिका मासिक | रु. | ३००० | २५०० | १५०० | १५०० | ५०० |
| ४ | अनुगमन भत्ता मासिक | रु. | ६००० | ४५०० | १५०० | ० | १००० |
| ५ | पानी, विजुली मासिक | रु. | १५०० | १००० | १००० | ० | ० |
| ६ | सरसफाई मासिक | रु. | २००० | २००० | ० | ० | ० |
| ७ | अतिथी सत्कार | रु. | २००० | २००० | १००० | ० | ० |
| ८ | यातायात खर्च मासिक | रु. | ७००० | ५००० | २००० | २००० | १००० |
| | **मासिक जम्मा** | रु. | **२८०००** | **२२५००** | **१००००** | **४५००** | **३५००** |
| | आर्थिक वर्षभर लिएको | रु | ३३६००० | २१८१६६ | ९६००० | ३००० | ३००० |
| | गत आ.व.भर | रु. | १३०६६ | ८१६६ | ३७३३ | ११६६ | ११६६ |
| | प्रतिव्यक्ति कूल | रु. | ३४९०६६ | २१८१६६ | ९९७३२ | ३११६६ | ३११६६ |
| | कूल खर्च | रु | ३४९०६६ | २१८१६६ | ४९८६६५ | १८६९९६ | ४९८६५६ |

२०७४।९।२५ को निर्णय नं. २ बमोजिम स्थानीय कर्मचारीलाई २५% प्रोत्साहन र थप वडाको जिम्मेवारीवापत प्रतिवडा ३०००।- को दरले सुविधा दिने निर्णय गरेको छ । कर्मचारीलाई २५% ले हुने रु. २४०६६९।०० प्रोत्साहन भत्ता भुक्तानी गरेका पाइयो र थप ४ वडाको रु. १४४,०००।- समेत गरि सुविधा दिएको उचित देखिएन ।

११. **अन्य सुविधा :** पदाधिकारीले लिनु भएको अन्य सुविधा देहाय बमोजिम छः ।

| सि.नं. | पदाधिकारीको नाम | पद | ल्याप्टप | मोटरसाइकल थान | मोवाइल मूल्य MI Brand | TVजम्मा मूल्य | मुल्य |
|---|---|---|---|---|---|---|---|
| १ | राम बहादुर राई | अध्यक्ष | १-७३७०० | १-२१०५३० | १-२१४७० | ० | ९५१७० |
| २ | लल कुमारी राई | उपाध्यक्ष | ० | १-२१०५३० | ० | ० | ० |
| ३ | आलक्ष कुमार | वडाध्यक्ष | २-१५१२०० | १-२१०५३० | १-२५७०० | १-४६००० | ४३३४३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रर्म | १ | | | | | |
| ४ | मोहन शमसेर रर्म | वडाध्यक्ष २ | १-७३७०० | १-२१०५३० | १-२१४७० | ० | ३०५७०० |
| ५ | प्रताप सिङ तामाङ्ग | वडाध्यक्ष ३ | १-६९५०० | १-२१०५३० | १-२१४७० | ० | ३०१५०० |
| ६ | देवेन्द्र रर्म | वडाध्यक्ष ४ | १-७३७०० | १-२१०५३० | १-१८५०० | ० | ३०२७३० |
| ७ | ईश्वर रर्म | वडाध्यक्ष ५ | १-७३७०० | १-२८५०० | २-५५५९० | ० | ४१४२९० |
| ८ | २० जना वडा सदस्य | वडा सदस्य | ० | ० | २०-४२९४०० | ० | ४२९४०० |
| | | **जम्मा** | **(७) ५,१५,५००/-** | **(५) ११,२७,१२०/-** | **(२७) ५,९३,६००/-** | **(१) ४६०००/-** | **२२८२२२०** |

- कानून बन्नुभन्दा १०.५ महिना पूर्वको पदाधिकारीको मासिक रु. १८३५००।- को दरले रु. १९२६७५०।-सुविधा लिएको पाइयो । कानून बन्नु पूर्वको सुविधा दिन मिल्ने देखिएन ।
- विभिन्न ५ वडाध्यक्षज्यूहरुले सवारी पहुँच नपुगेको पालिकाको क्षेत्रमा ५ वटा मोटरसाइकल रु. ११२७१२०।- खरिद गरेको उपयुक्त देखिएन् ।

१२. **नपाउने भ्रमण खर्चः-** गाउँ नगर सदस्यको सुविधा सम्वन्धी ऐन २०७५ को दफा ८ मा गाउँ तथा नगरको कामको सिलसिलामा आफ्नो क्षेत्रभित्र भ्रमण गर्दा भ्रमण भत्ता लिन नहुने व्यवस्था छ । पालिकाको देहायको पदाधिकारी जिल्लाभित्र भ्रमण गरी दैनिक तथा भ्रमण खर्च नपाउने हुँदा असूल गर्नुपर्ने उल्लेख गरेपछि प्रक्रिया साथ रु. १८९०० असूल भई बाँकी रु. — १७९५००।-

| गो.भौ.नं. | पदाधिकारीको नाम/ | पद | रकम |
|---|---|---|---|
| १४५,१७७ | राम बहादुर राई | अध्यक्ष | ८१६००.०० |
| | मणि कुमार राई | वडा सदस्य ३, | ९५००.०० |
| | मोहन शमसेर राई | वडाध्यक्ष २ | २२५००.०० |
| १७३ | इश्वर राई | वडाध्यक्ष ५, | २३४००.०० |
| | प्रतापसिङ तामाङ्ग | वडाध्यक्ष ३ | ४३३००.०० |
| | वडाध्यक्ष १ आलक्ष कुमार राई | | ८६५०.०० |
| | देवेन्द्र रर्म | वडाध्यक्ष ४ | ९४५०.०० |
| | **जम्मा** | | **१९८४००.००** |

१३. **विविध खर्चः-** मिति २०७४।९।२५ को गाउँ कार्यपालिकाको बैठकको निर्णय नं. ३ प्रत्येक वडालाई विविध खर्च वापत रु. ६,५०,०००।- दरले ५ वडालाई रु. ३२,५०,०००।- विनियोजन गर्ने निर्णय गरी वडा व्यवस्थापनवापत भनी वडाध्यक्षज्यूहरुलाई पेश्की दिई देहाय बमोजिमको कामको विल पेश गरी पेश्की फछ्र्यौट र भुक्तानी गरेको देखियो ।

| पद | नाम थर | वडा नं. | कूल खर्च | भ्रमण अनुगमन | बैठक भत्ता | खाना | लुगाभत्ता | वडा प्रशासनिक स्टेशन | इन्धन |
|---|---|---|---|---|---|---|---|---|---|
| वडाध्यक्ष | आलक्ष कुमार राइ | १ | ५००००० | ५८५०० | २५२००० | ११०१५० | ७५००० | २६१५० | १२८२०० |
| वडाध्यक्ष | मोहन शमसेर राइ | २ | ६५०००० | ४०७०० | २५२००० | १४०१८० | ७५६५० | मोवाइल खरिद ७-१३२८२० | ८६५० |
| वडाध्यक्ष | प्रतापसिंह | ३ | ६५०००० | १०८६५० | २५२००० | १२३००० | ७५००० | ७९३५० | १२००० |
| वडाध्यक्ष | देवेन्द्र राइ | ४ | ६५०००० | २७५५० | २५२००० | १३६८६६ | ७५००० | घर भाडा ६०००० का.सामान ४११९५ | ५७३८९ |
| वडाध्यक्ष | इश्वर राइ | ५ | ६५०००० | ४६५४५ | २५२००० | २०२४४५ | ७५००० | सञ्चार ५७८० का.सामान ४६७३० | १२५०० ९००० |
| | | **जम्मा** | **२५०००** | **२८१९४५** | **१२६००००** | **७१२६४१** | **३७५६५०** | **३९२०२५** | **२२७७३९** |

माथिको तालिका बमोजिम पदाधिकारीले पेश्की लिएर काम गर्न पाउने देखिदैन ।

<table>
<tr><td></td><td>पदाधिकारीको सेवा, सर्त र सुविधा प्रतिकूल हुनेगरी २९ पदाधिकारीको लुगाभत्ता ४,४३,५०००।- लेख्न नमिल्ने, अनुगमन दैनिक भ्रमण भत्ता रु. २८१९४५।- मासिक १ दिनको बैठक भत्ता खर्च लेख्न पाउनेमा ३ बैठकको खर्च लेख्दा नपाउने र बैठक रु. ८४०,०००।- नपाउने मोवाइल सेट सुविधा रु. १३२,८२०।- मोटर साइकल, इन्धन र मर्मत खर्च २,२७,७२९।- सञ्चार रु. ५७८०।- अस्वभाविक खाना खर्च रु. ७१२६४१।- गरेको समेत रु. २६,३५९३०।- एकीन हुने अवस्था रहेन । यस प्रकृयाको खर्च नियन्त्रण हुनुपर्छ । रु. ६५०,०००।- मध्ये ३ लाख २०७५।३।२० मा पेश्की लिई २०७५।३।३१ विल पेश गरी फछ्र्यौट गरेकोले यर्थाथ कामको भुक्तानी भएको मान्न सकिने आधार देखिएन ।</td><td></td></tr>
<tr><td>१४.</td><td>आर्थिक सहायताः-गाउँ कार्यपालिकाको २०७४।१०।५ को वैठकको निर्णय नं. ४ बमोजिम पूर्वाञ्चल गट ट्यालेन्टमा प्रतिष्पर्धा गर्न आर्थिक तथा भौतिक सहयोग माग गरेको भनी स्रोत नखुलाई सविन राईलाई रु. ५०,०००।- दिने निर्णय बमोजिम भुक्तानी गरेकोमा स्रोत नखुलाई अनुदान आर्थिक सहायता दिन मिल्ने नदेखिएको रु.</td><td>५०,०००।-</td></tr>
<tr><td>१५.</td><td>दोहोरो खर्चः- सहायककम्प्युटर अपरेटर प्रविन राइलाई २०७४।११ को तलव जिल्ला समन्वय कार्यालयमा लिईसकेको अवस्थामा समेत यस कार्यालयबाट भुक्तानी भएकाले दोहोरो तलब असूल गर्नुपर्ने भनी उल्लेख गरेपछि रु.६,७००।००असूल भएको छ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>पदाधीकारी दशै र पोशाकः-कार्यपालिकाको वैठक बमोजिम गाउँसभाको पदाधिकारी २९ जनालाई दशै खर्च ५००० र लुगाभत्ता रु. १५०००।- को दरले २९ जना पदाधिकारीलाई रु. ५,००,०००।- लुगाभत्ता र दशै खर्च भुक्तानी गरेकोले खर्च लेख्ने स्पष्ट आधार नहुदा असूल हुनुपर्नेउल्लेख गरेपछिरु. ३,००,००० प्रतिकृयाबाट भएको असूलीको आधारमा व्यहोरा हटाई बाँकी असूल हुनुपर्ने रु.</td><td>२,८०,०००।-</td></tr>
<tr><td></td><td>गा.पा. पूँजिगततर्फ :</td><td></td></tr>
<tr><td>१७.</td><td>बढी दरमा खरिद : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सामानको लागत अनुमान २०७५।३।२५ तयार गर्दा सार्वजनिक निकायले चालु र अघिल्ला वर्षमा खरिद गर्दा लागेको वास्तविक लागत प्रचलित बजार भाउ बजारको प्रचलित दरभाउ र आपूर्ति गर्दा लाग्ने ढुवानी खर्च अन्य जिल्लाको दररेट लगायतको कारोवार स्पष्ट नगरि ३ वटा इन्जिनियरिङ फर्मसँग दरभाउ लिई सोही दरको आधारमा लागत अनुमान तयार गरेको भनी १० मिटर (५.४ मिटर, ४.८ मिटरको) विद्युत पोलको आधा ग्याल्भनाइज्ड ९१ विद्युत पोल उपभोक्तामार्फत खरिद गरी ढुवानी समेत रु. ३१४६७६६।- विल बमोजिमकोखरिद र ढुवानी समेतरु. ३१३५०००।- उपभोक्तालाई भुक्तानी गरेको पाइयो । स्टिल टेवुलार पोल १६५ प्रति गोटा प्रति केजीको मोरङ्ग जिल्लाको दररेट अनुसार प्रतिपोल रु. १५८००।- को दरले ९१ पोलको रु. १४३७८०० मात्र खर्च लेख्नुपर्नेमा प्रतिपोल २८८७५।- को दरले रु. २६२७२६५।- दररेटको आधारमा खरिद गरेकोले जिल्ला दररेट भन्दा रु. ११,८९,४६५।- र सो को मू.अ.कर रु. १५४६३०।४५ समेत रु. १३,४४०९५।४५ उपभोक्ता समिति, प्रमुख प्रशासकीय अधिकृत लगायतको प्राविधिक जिम्मेवार नहुँदा बढी भुक्तानी हुन गएको एकीन गरी असूल हुनुपर्ने रु.</td><td>१३,४४,०९५.४</td></tr>
<tr><td>१८.</td><td>लागत सहभागिता :-सार्वजनिक खरिद नियमावली २०१४ को नियम ९७ मा लाभग्राही समुदायले व्यहोर्ने रकम खुलाई सम्झौता गरी सोही बमोजिम अनुदान भुत्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको योजनामा सम्झौता बमोजिम लाभग्राही समुदायले व्यहोनुपर्ने योगदान गरेको नदेखिदा कामको गुणस्तर र साझेदारी हुन नसकेको देखिएको रु.
<table>
<tr><th>योजनाको नाम</th><th>लागत इकाई</th><th>मूल्याङ्कन</th><th>लाभग्राही योगदान</th><th>दिनुपर्ने</th><th>दिएको</th><th>बढी</th></tr>
<tr><td>सोमबारे ताम्कु सडक स्तरोन्नती</td><td>६९८७३२८/-</td><td>६९५७८६२/-</td><td>५.६६%</td><td>६५६४०४७/-</td><td>७२२१०६०/-</td><td>६५७०१२/-</td></tr>
<tr><td>दोवान सल्लेरी खण्ड</td><td>६८३४९३१/-</td><td>६६१४११७/-</td><td>४.१%</td><td>६३४२९३८/-</td><td>६४३२१८८/-</td><td>९०२५०/-</td></tr>
<tr><td>केन्द्रिय विद्युत विस्तार</td><td>३१३५०००/-</td><td>३१४६७६६/-</td><td>२०%</td><td>२५१७४१२/-</td><td>३१३५०००/-</td><td>६१७५८७.२०</td></tr>
</table></td><td>१३,६४,८४९.१२</td></tr>
<tr><td>१९.</td><td>भारी उपकरण उपयोग : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ( ९) मा जटिल प्राविधिक कार्य प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई मेसिन प्रयोग गर्न सकिनेछ भन्ने व्यवस्था छ । पालिकाले सडक निर्माण र स्तरोन्नतिमा उपभोक्ता समितिमार्फत भारी उपकरण प्रयोग गर्दा सार्वजनिक निकायको सहमति नलिई कार्य</td><td></td></tr>
</table>

गराएको पाइयो । उपभोक्ताले प्रयोग गरेको भारी उपकरण निकायको पदाधिकारी कुनैपनि तबरबाट स्वार्थ बाँझिने गरी काममा संलग्नता नभएको प्रमाण नहुँदा उपयोग भएको भारी उपकरणको परीचालन घण्टाको लगसिट र तेल खपतको विल नहुँदा जिल्ला दररेटको आधारमा निर्माण व्यवसायीबाट भएको कामको विलको मूल्याङ्कन हुँदा उपभोक्ताको सहभागिता देखिदैन । यस प्रकारको काममा भएका केही योजनाहरु देहाय छन् ।

| सि.नं. | योजनाको नाम, निर्माण व्यवसायी | इकाई | माटो | ढुङ्गा | कडा ढुङ्गा | धेरै कडा चिजलिङ |
|---|---|---|---|---|---|---|
| १ | सोमबारे ताम्कु सडक स्तरोन्नती,स्मृति निर्माण सेवा | घन मिटर | १९३५६.२७ | ३०४३.४५ | ३७२ | ३३५७ |
| २ | दोवान सल्लेरी स्तरोन्नती, दीप गायत्री निर्माण सेवा | घन मिटर | २९०५१ | २१४१ | १६७ | १४९५ |
| ३ | सल्लेरी सोमबारे खण्ड सडक स्तरोन्नती योजना, स्मृति निर्माण सेवा | घन मिटर | २८९४७.२६ | १८७९.०५ | १५०.५६ | १३५५.०६ |
| | जम्मा | | ७७३५४.५३ | ७०६३.५ | ६८९.५६ | ६२०७.०६ |
| | | प्रति घनमिटर | ७० | १४० | ५७० | १००० |
| | **कूल मूल्याङ्कन** | १३००३८१६.३ | ५४१४८१७.१ | ९८८८९०.०० | ३९३०४९.२ | ६२०७०६०.०० |

उल्लेखित योजनामा भारी उपकरण भएको काममा नरम माटो, ढुङ्गा, कडा ढुङ्गा र धेरैकडा ढुङ्गा हिनाले फोर्ने कामको परिमाण निर्धारण गर्ने आधार नहुँदा कडा ढुङ्गा चिजालिङ सहित परिमाण एकीन गर्ने वैज्ञानिक आधारमा नहुँदा प्राविधिकको न्यायोचित न्यायमा भर परेकोले प्रयोगशालामा प्रमाणित गरी आधार लिनुपर्ने देखिन्छ ।

१९.१ **ग्याविन प्रयोग :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च प्रमाणित गर्ने कागजात सहितको सेस्ता राख्नुपर्ने व्यवस्था छ । सोमवारे ताम्कु सडक स्तरोन्नतीमा हालको बनेको १००×१२०मेससाइजको ६ भूजिय, २×१×१ को ७२ थान र १.५×१×१ को ७० थान समेत १४२ थान ग्याविन जाली प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा २४१.५ घनमीटर ग्याविन राखेको मूल्याङ्कन गरी सो कामको रु. ९८०९२२।- भुक्तानी गरेको छ । सो काममा उपभोक्ताले चर्तुभूजीय एकल नटको जाली प्रयोग गरेको अनुगमन रिपोर्टबाट देखिदा सम्बन्धित प्राविधिक सुजन श्रेष्ठ लगायत प्रमुख प्रशासकीय अधिकृतले नभएको कामको अनुदान दिएकोले छानविन गरी परिमाण समेत एकीन गरी मुल्य अभिवृद्धि करसमेत असूल उपर गर्नुपर्ने रु. ११०८४५३।१६ मध्ये प्रक्रियाबाट रु. ८४००० फछ्यौट भई बाँकी रहेको रु. ११,०८,४५३.१६

१९.२ दोभान सल्लेरी खण्ड स्तरोन्नतीको लागि १० swg को ५६०० केजी७swg को ६०८ केजी ज्ञद्द swg को १५० केजी गरी जम्मा ६३५८ केजी प्रज्वल ट्रेर्डस खाँदवारीबाट मूल्य अभिवृद्धि कर वाहेक प्रतिकेजी १०७ दरले रु. ६८०३०६।- र सो को मूल्य अभिवृद्धि कर रु. ८८,४३९।- समेत रु. ७६८७४५।- खर्च लेखेको पाइयो । विराटनगर खाँदवारी २२२ किमी टाढाको दुरीमा प्रति वर्गकिमी मेसिन रेड २×१×१ को रु. २०००।- मात्र पर्ने र ढुवानी जोड्दा मेसिनबाट बनेको भन्दा सस्तो पर्ने देखिन्छ । मानव निर्मित जाली महङ्गो र मेसिन निर्मित जाली खाँदवारीसम्म ढुवानीमा सस्तो पर्ने हुँदा खरिदमा पूर्नविचार गर्नुपर्ने देखिन्छ ।

२०. **कामभन्दा बढी भुक्तानी :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको विलभरपाई रहे नरहेको जाँच गरि भुक्तानी दिनुपर्ने उल्लेख छ ।सल्लेरी सोमबारे खण्ड सडक स्तरोन्नती योजना अन्तर्गत कार्यसम्पन्न प्रतिवेदन र नापी किताब बमोजिम नरम माटो काटेको परिमाण २८,८५० घन मिटर मात्र रहेकोमा स्मृति निर्माण सेवाले पेश गरेको विजकमा डोजरबाट २९,९२५ घन मिटर नरम माटो काटेको राखेको देखियो । यसरी मुल्यांकन भन्दा बढी परिमाण ४०९ घन मिटर को रु.७० को दरले जम्मा रु. ३२,३५१।९० मू.अ.कर समेत असूल हुनुपर्ने रु. ३२,३५१.९०

२१. **मूल्य अभिवृद्धि कर दर्ता :** सार्वजनिक खरिद ऐनको दफा १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म , संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने उल्लेख छ । गाउपालिका स्तरीय प्रोफाइल ( पार्श्व चित्र ) तयार गर्न एकीकृत सामुदायिक विकास संस्था , इटहरीसंग सम्झौता गरि मूअकर रु.८५,७७१९७ समेत रु.७,४५,०००।०० भूक्तानी गरेको छ

<table>
<tr><td></td><td>। मूअकर दर्ता नभएको संस्थालाई भुक्तानी गरेको मूअकर असूल गरि मिति २०७५।९।११ मा दाखिला भएको छ ।पालिकाले मूअकर दर्ता भएका संस्थाहरु यकिन गरी मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>परामर्श खर्च : पालिकाले सेवा र परामर्शदाताबाट देहाय अनुसार ४ वटा वडाको छुट्टाछुट्टै संगठन विकास अध्ययन गराएको पाइयो ।
<table>
<tr><th>गो.भौ मिति</th><th>संस्थाको नाम</th><th>वडा नं.</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१४४,७५।१।१०</td><td>मल्टिफेरियश कन्सलटेन्सी रिसर्च सेन्टर, काठमाडौं</td><td>१</td><td>२९६१२७.००</td></tr>
<tr><td>१४५,७५।१।१०</td><td>डायनामिक इन्स्टिचयूट एण्ड रिसर्च प्र.लि, काठमाडौं</td><td>४</td><td>३४७९२७.००</td></tr>
<tr><td>१४६,७५।१।१०</td><td>गुड गभरनेन्स प्रोटेक्सन , दाङ</td><td>३</td><td>२९६१२७.००</td></tr>
<tr><td>१४७७५।१।१०</td><td>एडभान्स रिसर्च ट्रेनिङ कन्सलटेन्सी, काठमाडौं</td><td>५</td><td>३९६०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३३६१८१.००</td></tr>
</table>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सार्वजनिक निकायले रु ५ लाख भन्दा बढीको लागत अनुमान भएको परामर्श सेवा सोझै खरिद गर्न नसकिने उल्लेख छ । पालिकालेपरामर्शदाताबाट ४ वटा वडाको छुट्टाछुट्टै संगठन विकास अध्ययन गराएकोसोझै खरिद भएकोले नियमानुसार नदेखिएको रु.</td><td>१३३६१८१.०</td></tr>
<tr><td></td><td>स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>२३.</td><td>फ्रिज नगरेको : आर्थिक कार्यविधि नियमावली २०६४, को नियम ३३ मा आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको निकासा रकम फिर्ता गर्नुपर्न उल्लेख छ । पालिकले स्थानीय  शासन तथा सामुदायिक विकास कार्यक्रम शसर्त तर्फ खर्च नभई बाँकी रहेको निकासा रकम रु १,२४,८३५। संघीय संचय कोष दाखिला गर्नुपर्ने रु.</td><td>१,२४,८३५।-</td></tr>
<tr><td>२४.</td><td>सामाजिक सुरक्षातर्फ :गाउँपालिका कार्यालयले यो बर्ष जेष्ठ नागरिक, एकल तथा विधवा महिला, अपांग र वालवालिकाहरुलाई सामाजिक सुरक्षा वापत रु.१८६०१३००।०० वितरण गरेको विवरण प्राप्त छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :<br>
(क) सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि २०७२ मा उल्लेख गरे अनुसार प्रत्येक स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मूल अभिलेख बमोजिम वितरण गरेको सामाजिक सुरक्षा रकमको प्रथम, दाश्रो, र तेस्रो किस्ता तोकिएको समयमा एम आइ एस मा प्रविष्ट गरेको पाइएन ।<br>
(ख) सम्बन्धित वडा कार्यालय मार्फत प्रथम किस्ता, दोस्रो किस्ता र तेस्रो किस्ता क्रमशः असोज १ गतेबाट दोस्रो हप्ताभित्र, माघ १ गतेबाट दोस्रो हप्ताभित्र र जेठ १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने कार्यविधिले निर्देश गरे पनि कार्यालयले वितरणको लागि २०७४।८।२७, २०७५।२।१० र २०७५।३।१९ मा प्रथम, दोश्रो, र तेस्रो पेश्की लिएको देखिएकोले तोकिएको समय भित्र सामाजिक सुरक्षा रकम वितरण गरेको पाइएन<br>
(ग) कार्यक्रम कार्यविध २०७२ ले सामाजिक सुरक्षा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा एक अनुगमन तथा सुपरीवेक्षण समिति रहने उल्लेख छ तर उक्त समिति गठन भएको देखिएन ।<br>
जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्नेमा सो गरेको देखिएन ।</td><td></td></tr>
<tr><td></td><td><u>सशर्त अनुदान - शिक्षातर्फ</u></td><td></td></tr>
<tr><td></td><td>(क) विद्यालय क्षेत्र पूर्वाधार विकास, आधारभूत तह शिक्षक तलब भत्ता र मा.वि. तह शिक्षक तलब भत्तामा रु ५९७२०६६७७३ खर्च भएको आर्थिक विवरणले देखाएको छ । कार्यालयले नयाँ नियुक्ति, सरुवा भइ आउने तथा रमाना हुने र अवकाश हुने शिक्षकहरुको व्यवस्थित अभिलेख नराखेको र ति विवरणहरु उपलब्ध नगराएकोले तलब निकासाको यर्थार्थता एकिन गर्न सकिएन ।<br>
(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार  आफ्नो क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहने उल्लेख छ । विद्यालयहरुको प्राप्त तथ्यांक अनुसार यस गाँउपालिका क्षेत्रभित्र ३८ विद्यालय, १४७ शिक्षक र १२१६ विद्यार्थीहरु रहेको देखियो । समग्रमा हेर्दा १ शिक्षक वरावर ८ विद्यार्थीहरु रहे पनि इकाईगत रुपमा शिक्षक विद्यार्थी अनुपातको केही उदाहरणहरु देहाय अनुसार रहेको छ ।</td><td></td></tr>
</table>

| विद्यालय | शिक्षक संख्या | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|
| रमिते आ.वि. | ३ | १६ | १/१६ |
| सगरमाथा मा.वि. ताम्कु | १८ | २८१ | १/१६ |
| जीवन ज्योति मा.वि.माङतेवा | ११ | ९४ | ८ |
| सिंहदेवि आ.वि. गुम्देक | १ | ५ | १/५ |
| हिमालय आ.वि.गोगने | ३ | ७८ | ७/२६ |
| सनुगाभा आ.वि. | १ | ६ | १/६ |
| रानीदेवि आ.वि. | १ | ६ | १/६ |

उपरोक्तानुसारको विवरणबाट सगरमाथा मा.वि.ताम्के १:१६, जीवन ज्योति गुम्दोक १:१६, सुनगाभा आ.वि.१:६ रानीदेवीआ.वि. १:६ शिक्षक विद्यार्थी अनुपात रहेको देखिएको हुँदा शिक्षक वा विद्यार्थीअनुपात मिलेको देखिएन । यसतर्फ स्थानीय तहले ध्यान दिनुपर्ने देखिएको छ ।

**स्वास्थ्यतर्फ**

२५. **न्यानो झोला वितरण :** गाउँपालिकाभित्र अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी भएका आमा तथा नवजात शिशुलाई न्यानो झोला वितरण गर्ने कार्यक्रम रहेकोमा यो वर्ष गाउँपालिकाले प्रेस्टीज मेडिसेल्स, काठमाडौंबाट २०७४।८।१९ मा ९० वटा न्यानो झोला रु. ८८२।०० का दरले रु. ७९,३८०।०० मा खरिद गरेकोमा स्वास्थ्य सेवा विभाग परिवार महाशाखाबाट निर्देश गरे वमोजिमको स्पेशिफिकेशन अुनसार झोला भए नभएको प्रमाणित गरेको नदेखिदा झोला गुणस्तरीय छ भन्न सक्ने अवस्था देखिएन । साथै न्यानो झोला खरिद बर्थिङ्ग सेन्टरमा हुने अनुमानित सुत्केरी संख्याको आधारमा खरिद गर्नुपर्नेमा कार्यालयको आ.व. ०७३।७४ को मौज्दातको विवरण राखेको पाइएन । यस वर्षको ९० वटा खरिद मध्ये ४० वटा वितरण गरी ५० वटा मौज्दात रहेको छ । तसर्थ निर्देशिकाले तोके अनुसारको अनुमानित सुत्केरी संख्या र गुणस्तरको झोला यकिन गरी खरिद गर्नुका साथै लाभग्राहीलाई समयमै वितरण गर्नुपर्दछ ।

२६. **अभिलेख व्यवस्थापन :** स्थानीय तहमा स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन, २०७४।७५ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्ष सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नुका साथै अभिलेख व्यवस्थापन तिर ध्यान दिनुपर्ने देखियो ।

२७. **औषधि खरिद एवं भण्डारण :** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीहरुको म्याद कम्तीमा १८ महिना हुनुपर्ने उल्लेख गर्नुपर्दछ । शर्सत र समानिकरण स्वास्थ्य सेवाबाट रु. ५५७,२३१।०० खरिद गरेकोमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन :

- स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला गर्नुपर्नेमा सो गरेको पाइएन
- आपूर्तिकर्ताबाट आपूर्ति  औषधी वा अन्य सामानको वाहिर Manufacture Date , Expiry Date , Batch no, Manufacture Companyको नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि  भनि वाक्यांश उल्लेख गर्नु पर्नेमा सो गरेको पाइएन
- आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry dateस्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ । तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेमा औषधीहरुको expiry dateविलमा वा लिष्टमा उल्लेख नभएको

कार्यालयले खरिद भएका औषधीको म्याद चेक जाँच गरी निर्देशिका बमोजिम भण्डारण एवं दाखिला गर्नुपर्दछ ।

२८. **खर्च विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको  विलभरपाई रहे नरहेको जाँच गरि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले विराटनगरबाट खरिद गरेको रु.३,७७,२३१।०० को औषधी र रु.१८३,७०९।०० को

<table>
<tr><td></td><td>एक्सरे मेसिन ढुवानीबापत रु.१३९,१४५।०० को विल भरपाई संल्गन नगरेको र ढुवानी खर्च भएको आधार प्रमाण नहुदाँ प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१३९,१४५.०</td></tr>
<tr><td></td><td>कृषिसेवातर्फ :</td><td></td></tr>
<tr><td>२९.</td><td>कृषि सेवा अर्न्तगत सर्शततर्फको तलब भत्ता रु. ११,७३,७१७।०० र समानिकरण तर्फको कार्यक्रममा रु. १०,०५,९५५।०० खर्च भएको श्रेस्ताले देखाएको छ । कार्यक्रमतर्फ विभिन्न कार्यक्रम तथा तालिम गोष्ठीसञ्चालन गरेकोमा तत्पश्चात सम्बन्धित कृषकहरुको माग फारम नभएको र कार्यक्रमको स्थितीको अनुगमन प्रतिवेदन पेश तथा प्रगति समिक्षा गरेको देखिएन । कामको प्रगतिबारे समिक्षा हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>नर्सरी अनुदान :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको विलभरपाई रहे नरहेको जाँच गरि खर्च लेख्नुपर्ने उल्लेख छ । कृषि समानिकरण अन्तर्गत अलैंची नर्सरी व्यवस्थापन उ.सं लाई रु.७६,०००।०० भुक्तानी गरेकोमा बैक नगदी कितावमा रु.७,६०,०००।०० खर्च लेखेको पाइएकोले गोश्वारा भौचरभन्दा बढी खर्च रु. ६,८४,०००।०० यकिन गरि आवश्यक कारवाही गर्नपर्ने रु.</td><td>६८४०००.०</td></tr>
<tr><td>३१.</td><td>पशुसेवातर्फ : पशुसेवा अर्न्तगत सर्शततर्फको तलब भत्ता रु.२,९५,७१०।०० र समानिकरणतर्फको कार्यक्रममा रु १५,०१,०००।०० खर्च भएको श्रेस्ताले देखाएको छ । पशु आहारा कार्यक्रम, औषधी खरिद, बोका, थुमा वितरण तथा तालिम गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गरेकोमा तत्पश्चात सम्बन्धित कृषकहरुको माग फारम कार्यक्रमको अवस्थाको अनुगमन प्रतिवेदन पेश गरी प्रगति समिक्षा गरेको देखिएन । वार्षिक कार्यक्रमहरुको प्रगतिबारे समिक्षा हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>भत्ता :देहायका सदस्यहरु वडाका २० बैठक मध्ये केही बैठकमा अनुपस्थित रहेपनि बैठक भत्ता बुझेको उपयुक्त नरहेको भनी आ.ले.प. ले औल्याएको रकम असूल हुनु पर्ने रु.
<table>
<tr><th>सदस्यको नाम</th><th>अनुपस्थिति दिन</th><th>रकम</th></tr>
<tr><td>मन कु. राई</td><td>६</td><td>५९५०.००</td></tr>
<tr><td>भिम कु. राई</td><td>२</td><td>१७००.००</td></tr>
<tr><td>भोलामान राई</td><td>१</td><td>८५०.००</td></tr>
<tr><td>हंगराज राई</td><td>१</td><td>८५०.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९३५०.००</td></tr>
</table></td><td>९३५०.००</td></tr>
<tr><td>३३.</td><td>पोशाक खर्च : निजामती सेवा नियमावली २०७४, बमोजिम कर्मचारीहरुलाई रु ७५००।०० पोशाक खर्च उपलब्ध गराउँदै आएकोमा पालिकाको निर्णयले रु ८०००।०० थपगरी १७ जना कर्मचारीलाई रु १५०००।०० को दरले पोषाक खर्च लेखेको, र पदाधिकारीहरुलाई समेत जनही १५०००।०० का दरले पोशाक खर्च उपलब्ध गराएर पनि अल्लोको कोटको कपडा ८७ मिटरको रु ५३५००।०० छुट्टै भुक्तानी गरेको देखियो । पालिकाको आफ्नो आन्तरिक आय न्यून रहेको अवस्थामा समानीकरण अनुदानबाट सुविधा दिनु सान्दर्भिक र उचित देखिएन ।</td><td></td></tr>
<tr><td>३४.</td><td>नर्म्स बेगरको खर्च : तालिम गोष्ठी लगायतका खर्चहरु स्वीकृत नर्म्स अनुसार गर्नुपर्दछ । वडा अध्यक्ष देबेन्द्र राईले सार्वजनिक सुनुवाईको रु १०००००।०० पेश्की फछ्र्याट गर्दा उक्त गोष्ठीमा ७२ जना सहभागी रहेको तर डायरी ३३० वटा रु २००००।००, डटपेन ३५० वटा रु ७०००, र नास्ता २०० वटा रु ६७१५० को खरिद गरेको विल पेश गरेको देखियो । आवश्यकता भन्दा बढी खरिद गरी खर्च गर्नु सान्दर्भिक देखिएन ।</td><td></td></tr>
<tr><td>३५.</td><td>विना लागत अनुमान खर्च : वार्षिक कार्यक्रम अनुसार तालिम गोष्ठी सँचालन गर्दा स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गरी सोही परिधि भित्र रहेर खर्च गर्नु पर्दछ । पालिकामा सञ्चालन हुने अधिकांश त्यस्ता कार्यक्रमहरुको लागत अनुमान तयार गर्ने र सोको परिधि भित्र रहेर खर्च गरेको देखिएन । यस्तो परिपाटीले खर्च मितव्ययीतामा असर पर्ने हुँदा नियमितता र मितव्ययीता पालना गर्न निश्चित मापदण्डको पालना गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>मोवाइल खरिद :वडा सभाको मिति २०७२।१२।१७ को निर्णय संचार क्षेत्रमा विनियोजित रकम बाट वडा नं १ का वडा पदाधिकारीहरुको लागि ५ वटा MI 4x मोवाइलको विल भुक्तानी गरेको छ । विकास निर्माणको काममा खर्चिनु पर्ने स्रोत प्रविधि उपकरण (मोवाइल) मा खर्च गरेको सान्दर्भिक देखिएन । खर्च मितव्यीता र विकासको लागि यस प्रकारका खर्च नियन्त्रण हुन जरुरी छ ।</td><td></td></tr>
</table>

३७. **वित्तीय जवाफदेहिता स्थिति –** कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनको लागि अनुसूची ११ अनुसारको परीक्षण सूचीको आधारमा मूल्याँकनको क्रममा कार्यसम्पादनको व्यवस्थापकीय पक्ष, बित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन र बिकास निर्माण गरी ४ मूल विषयमा केन्द्रित रही २० वटा सूचक प्रयोग गरी बित्तीय जवाफदेहिताको स्तर मुल्याँकन गरीएको छ । सो मुल्याँकनमा ५३ प्रतिशत अङ्कासाथ "C" (राम्रो) ग्रेडमा ग्रेडिङ्ग देखिएको छ । उक्त मूल्यांकनबाट कार्यालयले दरबन्दी-पदपूर्ति, कार्यविवरण तथा जिम्मेवारी बाँडफाँड, अभिलेख व्यवस्थापन , कार्यक्रम तथा सेवाको अनुगमन, बित्तीय व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, सेवा ग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह, तोकिएको मापदण्ड अनुरुप सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर सुधार जस्ता पक्षमा सुधार गर्नुपर्ने देखिएको छ ।

३८. **बेरुजू -** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु ३४ लाख ९३ हजार, अनियमित बेरुजू रु २७ लाख ५२ हजार प्रमाण पेश नभएको रु ९ लाख ४८ हजार समेत रु ७१लाख रु. ९२ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु ६ लाख, ३ हजार फछ्र्यौट भई रु. ६५ लाख ८९ हजार बेरुजू कायम भएको छ ।

३९. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

**(रु.हजारमा)**

| गत वर्षको बेरुजू रकम (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ५३८२ | ० | ५३८२ |

४०. **अद्यावधिक बेरुजू स्थिति :**पालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

**(रु.हजारमा)**

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (C) | यो वर्षको सं प.बाट कायम बेरुजू(D) | यो वर्षको कायम बेरुजू(E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ५३८२ | ० | ६५८९ | ११९७१ |

अनुसूची– १

# सिलिचोङगाउंपालिकाको यो वर्षको बेरुजू बर्गीकरण विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारं
## २०७४।७५

रु.हजारमा

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौ)ट | | | बाङकी बेरुजू | | | वाङकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | संखुवासभा | सिलिचोङगा उँपालिका | २७ | १५ | ७१९२ | ० | ३ | ६०३ | २७ | १२ | ६५८९ | २८८९ | २७५२ | ९४८ | ० | ० | ६५८९ | ० | ० | ० |
| २. | | | | | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | सिलिचोङ गाउँपालिका | संखुवासभा | ५१४० | १३४२५९ | ९२५२४ | १४६७ | २२८२५० | ११०६९९ | ९९०१८ | ८९८१ | २१८६९८ | १४६९२ |
| २. | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | |